**हिमालयन पावर पार्टनर लिमिटेड**
**बार्‍हौं बार्षिक साधारण सभा**
**को**
**निर्णय विवरण (माईन्युट)**

१. **सभाको प्रारम्भ :**

यस हिमालयन पावर पार्टनर लिमिटेडको मिति २०८१/०९/०७ मा बसेको संचालक समितिको ६७औ बैठकको निर्णय अनुसार आज मिति २०८१ साल पुष २९ गतेका दिन कम्पनीको बार्‍हौं वार्षिक साधारण सभा संचालक समितिका अध्यक्ष श्री गुरुप्रसाद ढकालज्यूको अध्यक्षतामा डेलिस अपेरा रेष्ट्रो एण्ड ब्यंक्वेट प्रा.लि., बालुवाटार, काठमाडौंमा बिहान ९:०० बजे देखि बसी निम्न बमोजिमको प्रस्ताव उपर छलफल तथा निर्णय पारीत गरी सभा सम्पन्न भयो ।

२. **सभाको सूचना :**

कम्पनी ऐन, २०६३ को दफा ६७ (२) मा व्यवस्था भए अनुसार बार्‍हौं वार्षिक साधारण सभा हुने स्थान, मिति, समय र छलफल हुने विषयहरु सहितको विवरण खुलाई सभामा उपस्थितिको लागि शेयरधनीहरुलाई २०८१ साल पुष ८ गते नेपाल समाचारपत्र राष्ट्रिय दैनिक पत्रिका र २०८१ साल पुष १२ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक मा सूचना प्रकाशित गरिएको र उक्त सूचना, बार्‍हौं वार्षिक प्रतिवेदन तथा अन्य कागजातहरु कम्पनीको वेबसाइटमा राखिएको थियो ।

३. **सभाको मिति, स्थान र समय :**

मिति : २०८१ साल पौष २९ गते सोमवार ।
स्थान : डेलिस अपेरा रेष्ट्रो एण्ड ब्यंक्वेट प्रा.लि., बालुवाटार, काठमाडौं
समय : ९:०० बजे ।

४. **छलफलको विषयहरु :**

(क) सामान्य प्रस्ताव

१. संचालक समितिको आ.ब. २०८०/०८१ को बार्षिक प्रतिवेदन पारित गर्ने ।
२. वार्षिक आर्थिक विवरण, लेखापरीक्षकको प्रतिवेदन सहितको २०८१ आषाढ मसान्तको वासलात तथा मिति २०८० श्रावण १ देखि २०८१ आषाढ मसान्त सम्मको नाफा-नोक्सान हिसाब र सोहि अवधिको नगद प्रवाह विवरण सम्बन्धी विषयमा छलफल गरी स्वीकृत गर्ने ।
३. आर्थिक बर्ष २०८१/०८२ का लागि लेखापरीक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक तोक्न ।
४. रिक्त रहेको संचालक पदमा संचालक समितिबाट गरिएको नियुक्ति अनुमोदन गर्ने ।

(ख) विशेष प्रस्ताब:

१. कम्पनीको चुक्ता पुंजीको १ बराबर ०.५ को अनुपातमा हकप्रद शेयर निष्कासन गर्ने र सो सम्बन्धमा गर्नु पर्ने आवश्यक सम्पूर्ण कार्य गर्नको लागि संचालक समितिलाई अख्तियारी दिने ।

(ग ) विविध सम्बन्धमा ।

Himalayan Power Partner Ltd. HPP Kathmandu

## ५ उपस्थिति

**संचालकहरु**

| | |
|---|---|
| श्री गुरुप्रसाद ढकाल | अध्यक्ष |
| श्री अम्बिका प्रसाद पौडेल | संचालक |
| श्री महेन्द्र राज अधिकारी | संचालक |
| श्री सूर्य प्रसाद अधिकारी | संचालक |
| डा.हेमन्त कुमार दबाडी | स्वतन्त्र संचालक |

संस्थापक

| | |
|---|---|
| श्री चन्द्रप्रसाद ढकाल | पूर्व अध्यक्ष |

**पदाधिकारीहरु**

| | |
|---|---|
| श्री बिनय के.सी. | कम्पनी सचिब |
| श्री मुन्ना शाक्य | प्रोजेक्ट म्यानेजर |
| श्री उमेश कुमार बस्नेत | वरिष्ट लेखा अधिकृत |
| श्री चोलाकान्त ज्ञवाली | इन्जिनियर |

**शेयरधनीहरुको उपस्थिती :**

| | |
|---|---|
| स्वयम उपस्थित | ९९ जना |
| प्रतिनिधिमार्फत उपस्थित | ६ जना |
| जम्मा उपस्थित : | १०५ जना |

## ६ गणपुरक संख्याको विवरण :

| विवरण | कूल संख्या | स्वयं उपस्थिति | प्रतिनिधि मार्फत उपस्थिति | जम्मा उपस्थिति | कुल बिक्री शेयरको प्रतिनिधित्व प्रतिशत |
|---|---|---|---|---|---|
| शेयर कित्ता संख्या | १,०६,५४,१७० | ५४,०२,२९७ | २,७८,०५६ | ५६,८०,३५३ | ५३.३२% |
| शेयरधनी संख्या | | ९९ | ६ | १०५ | – |

## ७. सभाको बैधानिकता :

(क) यो सभा कम्पनी ऐन, २०६३ तथा कम्पनीको नियमावली बमोजिम बोलाइएको र कम्पनी ऐन, २०६३ को दफा ७३ को उपदफा २ तथा कम्पनीको नियमावलीको नियम २३ बमोजिम बाँडफाँड भएको कूल शेयर संख्याको पचास प्रतिशत भन्दा वढि शेयरको प्रतिनिधित्व हुने गरी कूल शेयरधनीहरु मध्ये कम्तीमा ३ जना शेयरधनीहरु स्वयम् वा आफ्नो प्रतिनिधिद्धारा उपस्थित हुनु पर्ने प्रावधान रहेकोमा कम्पनीको बाह्रौं बार्षिक साधारण सभामा राखिएको शेयरधनीहरुको हाजिरी पुस्तिकामा हाजिर जनाउने शेयरधनीको संख्या १०५ जना र कूल बाँडफाँड भएको शेयरको ५३.३२ प्रतिशत प्रतिनिधित्व भएको हुँदा कम्पनी सचिवले साधारण सभामा गणपुरक संख्या पुगेको र प्रचलित कम्पनी कानून अनुसार सभा बैधानिक भएको जानकारी गराउनु भयो ।

(ख) कम्पनीको नियमावली अनुसार साधारण सभाको अध्यक्षता संचालक समितिको अध्यक्षले गर्ने प्रावधान बमोजिम विहान ९:०० बजे अध्यक्ष श्री गुरुप्रसाद ढकालज्यूको अध्यक्षतामा कम्पनीको बाह्रौं वार्षिक साधारण सभा सुरु भयो ।



Himalayan Power Partner Ltd. HPP Kathmandu

**८ वार्षिक साधारण सभामा संचालक समितिको वार्षिक प्रतिवेदनको प्रस्तुति**

सभाको अध्यक्ष श्री गुरुप्रसाद ढकालज्यूले उपस्थित सबै शेयरधनी महानुभावहरुलाई स्वागत एवं अभिबादन गर्दै पूर्व निर्धारित छलफलको बिषय सूचि सहित आफ्नो मन्तव्य, आ.व. २०८०/०८१ को संचालक समितिको वार्षिक प्रतिबेदन, लेखापरिक्षकको प्रतिवेदन, वित्तिय विवरण तथा कम्पनीको प्रगती विवरण पढेर सुनाउनु भयो र छलफलका लागि सभा समक्ष पेश गर्नु भयो ।

**९ छलफलको लागि आव्हान र शेयरधनी महानुभाहरुको व्यक्त धारणा, जिज्ञासा तथा सुझाब**

कम्पनी सचिवले, पेश भएका छलफलको विषयहरु तथा प्रतिवेदनहरुका सम्बन्धमा उपस्थित शेयरधनी महानुभावहरुलाई आफ्नो जिज्ञासा, राय सल्लाह, सुझाब राख्न अनुरोध गर्नु भयो । कम्पनीका शेयरधनीहरु श्री लक्ष्मण बहादुर श्रेष्ट, ज्ञानु लक्ष्मी श्रेष्ठ र निरुपमा गुप्ताले लिखित सुझाव पेश गर्नु भएकोमा सभाका अध्यक्षले यस्तो सुझावहरु कम्पनीका लागि सधै मार्ग दशर्नको रुपमा रहने कुरा बताउनु भयो ।

**१०. सभाबाट भएका निर्णयहरु :**

(क) <u>सामान्य प्रस्ताव उपर छलफल तथा निर्णय</u>

**१. संचालक समितिको आ.ब. २०८०/०८१ को बार्षिक प्रतिवेदन पारित गर्ने ।**

संचालक समितिको तर्फबाट अध्यक्ष श्री गुरुप्रसाद ढकालज्यूले प्रस्तुत गर्नु भएको आ. ब. २०८०/०८१ को बार्षिक प्रतिवेदन उपर छलफल गरी उक्त बार्षिक प्रतिवेदन सर्वसम्मतिले पारित गर्ने निर्णय गऱ्यो ।

**२. वार्षिक आर्थिक विवरण, लेखापरीक्षकको प्रतिवेदन सहितको २०८१ आषाढ मसान्तको वासलात तथा मिति २०८० श्रावण १ देखि २०८१ आषाढ मसान्त सम्मको नाफा-नोक्सान हिसाब र सोहि अवधिको नगद प्रवाह विवरण सम्बन्धी विषयमा छलफल गरी स्वीकृत गर्ने ।**

लेखापरीक्षकको प्रतिवेदन सहितको २०८१ आषाढ मसान्तको वासलात तथा मिति २०८० श्रावण १ देखि २०८१ आषाढ मसान्त सम्मको नाफा-नोक्सान हिसाब र सोहि अवधिको नगद प्रवाह विवरण सम्बन्धी विवरण पारित गरियोस भनी सभा समक्ष प्रस्ताव पेश भएकोमा सभाले सर्वसम्मतिबाट उक्त प्रस्ताव पारित गऱ्यो ।

**३. आर्थिक बर्ष २०८१/०८२ का लागि लेखापरीक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक तोक्न ।**

कम्पनी ऐन २०६३ को दफा १११ अनुसार आ.व. २०८१/०८२ को लेखा परिक्षण गर्न लेखा परिक्षण समितिको सिफारिसमा लेखापरीक्षक PYC & Associates, Chartered Accountants संस्थालाई लेखापरीक्षक नियुक्त गरी निजको पारिश्रमिक निर्धारण गरियोस् भनी सभा समक्ष प्रस्ताव पेश भएकोमा सभाले मु.अ. कर बाहेक एकमुष्ट पारिश्रमिक रु. २००,०००/- (अक्षरुपी: रु. दुई लाख मात्र) दिने गरी लेखापरीक्षक PYC & Associates, Chartered Accountants संस्थालाई नियुक्त गर्ने उक्त प्रस्ताव सर्वसम्मतिले पारित गऱ्यो ।

**४. रिक्त रहेको संचालक पदमा संचालक समितिबाट गरिएको नियुक्ति अनुमोदन गर्ने ।**

संस्थापक संचालक श्री चन्द्रप्रसाद ढकालको मिति २०७९/०६/२५ मा राजिनामा स्वीकृत पश्चात रिक्त रहेको उक्त पदमा श्री महेन्द्रराज अधिकारीलाई बाँकी अवधिको लागि २०८१/०४/१८ गरिएको नियुक्ति तथा संचालक श्री दिबाकर पौडेलको मिति २०८१/०४/२१ मा राजिनामा स्वीकृत पश्चात रिक्त रहेको उक्त पदमा श्री सूर्यप्रसाद अधिकारीलाई बाँकी अवधिको लागि मिति २०८१/०४/२१ गरिएको नियुक्ति लाई अनुमोद गरियोस् भनी सभा समक्ष प्रस्ताव पेश भएकोमा सभाले सर्वसम्मतिबाट उक्त प्रस्ताव पारित गऱ्यो ।



Himalayan Power Partner Ltd. HPP Kathmandu

(ख) विशेष प्रस्ताव उपर छलफल तथा निर्णय

**१. कम्पनीको चुक्ता पुंजीको १ बराबर ०.५ को अनुपातमा हकप्रद शेयर निष्कासन गर्ने र सो सम्बन्धमा गर्नु पर्ने आवश्यक सम्पूर्ण कार्य गर्नको लागि संचालक समितिलाई अख्तियारी दिने ।**

कम्पनीको चुक्ता पुँजीको १ बराबर ०.५ को अनुपातमा हकप्रद शेयर निष्कासन गर्ने र सो सम्बन्धमा गर्नु पर्ने आवश्यक सम्पूर्ण कार्य गर्नको लागि संचालक समितिलाई अख्तियारी दिने प्रस्ताव उपर छलफल गर्दा "कम्पनीको शेयरको सार्वजनिक निष्कासनको पूर्व स्वीकृति तथा नियमन सम्बन्धि निर्देशिका, २०७८" को दफा ३ को उपदफा ३ बमोजिम हकप्रद शेयर निष्कासन गर्ने प्रस्ताव साधारण सभामा पेश गर्नु पहिले विद्युत नियमन आयोगबाट पूर्व सहमति लिनु पर्ने र सोको लागि कम्पनीबाट निवेदन पेश भै प्रक्रियामा रहेको विद्युत नियमन आयोगको मिति २०८१/०९/०७ च.नं. ३६५ को पत्रबाट आईसकेकाले बैंकको ऋण तिर्ने प्रयोजनका लागि कम्पनीको चुक्ता पुँजीको १ बराबर ०.५ को अनुपातमा हकप्रद शेयर निष्कासन गर्ने प्रस्तावलाई सर्व सम्मतिबाट पारित गरि सो सम्बन्धमा गर्नु पर्ने आवश्यक सम्पूर्ण कार्य गर्नको लागि संचालक समितिलाई अख्तियारी दिने सर्वसम्मतिले निणर्य गऱ्यो । हकप्रद शेयर निष्काशनको कारण जारी पुँजी र चुक्ता पुँजी बृद्धि भई प्रवन्धपत्र तथा नियमाबली संशोधन गर्नु पर्ने हुदा प्रवन्धपत्र तथा नियमाबली संशोधन गर्ने र उक्त कार्य गर्नका लागि संचालक समितिलाई अख्तियारी दिने सभाले सर्वसम्मति निर्णय गऱ्यो ।

११ **धन्यवाद ज्ञापन :**

शेयरधनी महानुभावहरुलाई कम्पनीको लक्ष्य प्राप्तिको लागि संचालक समिति सधै प्रयन्नशिल रहेका र उहाहरुको सल्लाह तथा सुझाव कम्पनीको लागि मार्गदर्शनको रुपमा रहने कुरा व्यक्त गर्दै उपस्थित सम्पुर्ण शेयरधनी महानुभावहरु, नियमनकारी निकायहरु, लेखापरीक्षक, संचारकर्मी, तथा ऋण प्रवाह गर्ने बैंक तथा बित्तिय संस्थाहरु लाई धन्यवाद ज्ञापन गरी अध्यक्षज्युबाट सभा सम्पन्न भएको घोषणा गर्नु भयो ।

........................
बिनय के.सी.
कम्पनी सचिव

Himalayan Power Partner Ltd.
HPP
Kathmandu

........................
गुरुप्रसाद ढकाल
अध्यक्ष
मिति २०८१/०९/२९